कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र सं २०८१-०८२
च नं [redacted]

मितिः२०८१/११/४

**न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन पेश गर्ने सम्बन्धी सूचना**

रोजगारको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संसोधन,२०७८ सहित ) को दफा १८ बमोजिम, अगामी आ.व. २०८२/०८३ मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने १८ देखी ५९ वर्ष उमेर समूहका वेरोजगार व्यक्तिहरुले २०८१ फागुन मसान्त भित्रमा आफू स्थायी बसोबास गरेको वडा कार्यलयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन तपसिल वमोजिमका आवश्यक कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, कुश्मा नगर कार्यापलिकाको कार्यालयको वेबसाइ www.kushmamun.gov.np वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ।

तपसिल

१.प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिमको निवेदन फाराम

२.निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति

३.हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति

४.निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि १ प्रति

५.परिवारको सम्पूर्ण सदस्यको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

६.बसाइसराई वा महिलाको हकमा विवाह दर्ता भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि १ प्रति

७.सम्बन्धित व्यक्तिको वा परिवारको सम्पर्क नम्बर।

थप जानकारीका लागि

अमृत सुवेदी रोजगार संयोजक ९८६०९४५६७४

आविश शर्मा प्राविधिक सहायक ९८४६९४२४८०

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत